नेपाल राष्ट्र बैंक
समाचार

वर्ष ४१ | अंक ४ | नेपाल राष्ट्र बैंक समाचार | पुस २०७३ | डिसेम्बर २०१६-जनवरी २०१७

# गभर्नर डा. चिरञ्जीबि नेपाल र माननीय उपप्रधान तथा अर्थमन्त्री बीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपाल र माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा बीच मंसिर २९ गते नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा भेटवार्ता भयो ।

सो भेटवार्तामा गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंकका काम कारवाहीका बारेमा संक्षिप्त प्रस्तुति राख्नुभयो । उहाँले नेपाल राष्ट्र बैंकको जनशक्ति संरचना, विभागीय संरचना, वासलात, नाफा नोक्सानको स्थिति, विदेशी मुद्राको लगानी स्थिति, भौतिक पूर्वाधारको अवस्था, वर्तमान आर्थिक स्थिति र बैंकको हालका चुनौतीहरुका बारेमा बताउनु भयो । मुद्रा व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन र आन्तरिक ऋण व्यवस्थापनका सम्बन्धमा पनि गभर्नर डा. नेपालले स्पष्ट पार्नुभयो ।

भेटवार्तामा उपप्रधान तथा अर्थमन्त्री महराले नेपाल राष्ट्र बैंकका सामु चुनौती र सम्भावना दुवै रहेको उल्लेख गर्दै बदलिँदो अन्तर्राष्ट्रिय परिवेश अनुसार राष्ट्रिय पहिचान कायम राख्दै बैकिङ क्षेत्रको नेतृत्व नेपाल राष्ट्र बैंकले लिनुपर्ने, अर्थतन्त्रको विकासको लागि आवश्यक नीतिगत सुधारको लागि सरकारलाई सुझाव दिनुपर्ने र समयानुकुल कार्य प्रवृतिमा परिवर्तन गरी सूचना प्रविधिको प्रयोग बढाई आधुनिक बन्नुपर्ने जस्ता सुझावहरु दिनुभयो । साथै, ग्रामीण क्षेत्रमा बैकिङ सेवा पुर्‍याउन र कर्जा प्रवाह बढाउन ध्यान दिनुपर्ने बताउनु भयो । संशोधित नेपाल राष्ट्र बैंक ऐन र संशोधनको क्रममा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले बैकिङ क्षेत्रका कमी कमजोरी र विसंगतिहरू कम हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

उक्त भेटवार्ताका क्रममा उपप्रधान तथा अर्थमन्त्री महराले भारतीय रुपैयाँको मौज्दात र आपूर्ति व्यवस्थाका सम्बन्धमा राख्नु भएको जिज्ञासाका सम्बन्धमा गभर्नर डा. नेपालले आवश्यक जानकारी गराउनु भएको थियो । नोटको गुणस्तर सम्बन्धी जिज्ञासाका सम्बन्धमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले नोट छपाइका कार्यविधिका सम्बन्धमा प्रष्ट्याउँदै नोटको गुणस्तर कायम राख्न पर्याप्त ध्यान दिइएको बताउनु भएको थियो । संचालक समितिमा सदस्य अर्थ सचिव डा. शान्तराज सुवेदीले नेपाल सरकार र नेपाल राष्ट्र बैंक बीच आफूले पुलको भूमिका निर्वाह गरिरहेको बताउनु भएको थियो ।

माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराले गभर्नर डा. चिरंजीबि नेपालसँगको भेटवार्ता पछि २०७२ साल बैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त भएको भवनको निरीक्षण तथा अवलोकन पनि गर्नु भएको थियो ।





**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

## डेपुटी गभर्नर शिवाकोटीद्वारा माइक्रोफाइनान्सको उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले तनहुँको दुलेगौंडामा गणपति माइक्रोफाइनान्स लिमिटेडको प्रधान कार्यालयको मंसिर २४ गते एक समारोहका बीच समुद्घाटन गर्नुभयो ।



उक्त समारोहमा डेपुटी गभर्नर शिवाकोटीले प्रमुख अतिथिको तर्फबाट आफ्ना भनाइहरु राख्दै बैंक तथा वित्तीय संस्थामा संस्थागत सु-शासनको महत्व तथा माइक्रोफाइनान्सका चुनौतीहरुका बारेमा प्रकाश पार्नुभयो । उहाँले गणपति माइक्रोफाइनान्सले उत्कृष्ट सेवा प्रवाह गरी नेपाल राष्ट्र बैंकको वित्तीय पहुँच विस्तारको अभियानमा सहयोगी बन्ने अपेक्षा राख्नुभयो र संस्थाले उत्कृष्ट सेवा तथा आधुनिक पद्धति अवलम्बन गरी प्रतिस्पर्धी बजारमा आफूलाई अब्बल दर्जामा स्थापित गराएर सफल संस्थाको रुपमा अगाडि बढ्ने शुभकामना पनि दिनुभयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारी, गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्य, बुद्धिजीवी, व्यापारी तथा सर्वसाधारणहरुको उपस्थिति रहेको थियो ।

## म्याग्दीमा अन्तरक्रिया सम्पन्न

मंसिर २५ गते म्याग्दी जिल्लाको आर्थिक गतिविधि सम्बन्धमा सो जिल्लामा कार्य गरिरहेका बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, उद्योगी-व्यापारी, स्थानीयहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई सम्बोधन गर्दै कृषि कर्जाको सीमा निर्धारणलाई सरलीकृत गर्नेतर्फ नेपाल राष्ट्र बैंकले गृहकार्य गरिरहेको, भा.रु. ५०० र १००० दरका नोटहरुको Demonetization को कारण तत्काल नेपाललाई केही मौद्रिक घाटा तथा नोट व्यवस्थापनमा असहजता भए पनि भविष्यमा यसबाट नेपाली अर्थतन्त्रलाई व्यवस्थित बनाउनमा सहयोग पुग्ने कुरा बताउनु भयो । साथै, उहाँले बैंक तथा वित्तीय संस्थाले गरेको लगानी के कति सुरक्षित र प्रतिफलमुखी छ भन्ने विषयमा स्वयंले नै विश्लेषण गरी लगानी गर्नुपर्ने धारणा पनि राख्नुभयो ।



सो अन्तरक्रिया कार्यक्रममा म्याग्दीका बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, पत्रकार तथा संञ्चारकर्मी आदिको सहभागिता रहेको थियो । कार्यक्रममा कृषि कर्जामा रहेका समस्या तथा लगानीका सम्भाव्यताका सम्बन्धमा छलफल भएको थियो ।

## पोखरा कार्यालयको निर्माणाधीन पर्खालको निरीक्षण



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले पोखरा भ्रमणको क्रममा पोखरा कार्यालयको वरिपरि सडक विस्तारका कारण पहिलाको पर्खाल स्थानान्तरण गर्नुपरेका कारण निर्माण भइरहेको नयाँ पर्खालको निरीक्षण तथा अवलोकन गर्नुभयो । अवलोकनका क्रममा उहाँले हाल निर्माणाधीन पर्खालका कारण भविष्यमा बैंकले सम्पादन गर्नुपर्ने कार्यहरुमा के कस्तो खालको असर पर्ला भनी जिज्ञासा राख्नुभयो । सो क्रममा पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारी तथा उपनिर्देशक बसन्त थापाले निर्माण भइरहेको पर्खाल तथा प्रस्तावित द्वार/गेटका बारेमा जानकारी दिनुहुँदै बाँकी रहेको जमिनमा अत्याधुनिक र सुविधा सम्पन्न भवन निर्माण गर्न सकिने विषयलाई समेत ध्यानमा राखी पर्खाल निर्माण भइरहेको कुरा बताउनु भयो ।

# सिद्धार्थनगर कार्यालयद्वारा अन्तरक्रिया कार्यक्रम

सिद्धार्थनगर कार्यालयको आयोजनामा "गुल्मी जिल्लामा पर्यटन विकासको स्थिति, सम्बन्धित क्षेत्रको प्रयास र बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम मंसिर २ गते डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा गुल्मी जिल्लाको तम्घासमा सम्पन्न भयो ।




उक्त कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले लुम्बिनीमा आउने पर्यटकहरुलाई पूर्वाधारको निर्माण गरी गुल्मी क्षेत्रमा ल्याउन सकेमा गुल्मीको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग हुने बताउनु भयो । उहाँले पूर्वाधारको विकास आवश्यक देखिएको र उक्त कार्यको लागि बैंकिङ्ग क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । साथै, युवा वर्गलाई स्वरोजगार हुन युवा स्वरोजगार कोषको स्थापना गरिएको, कृषि, पशुपालन, चिया, कफी आदिलाई पुनरकर्जा दिने व्यवस्था गरिएको, ग्रामीण स्वावलम्बन कोष मार्फत सहकारीलाई अनुदान सहितको लघुवित्त कर्जा दिने व्यवस्था गरिएको, बैंकहरुले सामाजिक उत्तरदायित्व बहन गर्न आफ्नो नाफाको एक प्रतिशत सामाजिक कल्याणमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको जानकारी गराउँदै बैंकहरुले वित्तीय साक्षरतामा समेत जोड दिनुपर्ने बताउनु भयो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले उक्त कार्यक्रममा "गुल्मी जिल्लामा पर्यटन विकासको स्थिति, सम्बन्धित क्षेत्रको प्रयास र बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका" विषयक कार्यपत्र प्रस्तुत गर्दै गुल्मी जिल्लाको विकासको लागि पूर्वाधारको विकास गर्नुपर्ने, कृषि, पर्यटन तथा जलश्रोतको अधिकतम उपयोग गर्नुपर्ने र जिल्लामा धार्मिक, सांस्कृतिक तथा पर्यावरण पर्यटन विकासको अधिक संभावना रहेकोले सबै क्षेत्रको एकीकृत पहल आवश्यक रहेको औल्याउँदै पर्यटन प्रवर्द्धनमा बैंकिङ क्षेत्रले सकारात्मक भूमिका खेल्नु पर्नेमा जोड दिनुभयो ।






कार्यक्रममा गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले गुल्मी जिल्लाको गार्हस्थ्य उत्पादन बढाउन आधुनिक कृषि प्रणाली र पर्यटन क्षेत्रलाई एकैसाथ अगाडि बढाउनु पर्नेमा जोड दिनुभयो । स्थानीय विकास अधिकारी डिलाराम पन्थीले धार्मिक पर्यटनको रुपमा प्रचारप्रसार, सडक सहितको पूर्वाधार विकास हुन सकेमा प्रकृति र सेवा बिक्री गरेर मनग्य आयआर्जन गर्न सकिने बताउनु भयो । रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समितिका कार्यकारी निर्देशक नरेश भण्डारीले स्थानीय उत्पादनको परिकार पस्केर पर्यटकलाई आकर्षित गर्ने गरी कार्यक्रम अगाडि बढाउनु पर्ने कुरामा जोड दिनुभयो ।

सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक शान्तिप्रसाद पाण्डेले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको उक्त कार्यक्रममा कृषि विकास कार्यालयका प्रमुख, रेसुङ्गा बहुमुखी क्याम्पस गुल्मीका उपप्रध्यापक, उद्योग वाणिज्य संघका उपाध्यक्ष, प्राइम लाइफ इन्स्योरेन्सका व्यवस्थापक, होटल व्यवसायी संघका अध्यक्ष, जिल्ला सहकारी संघका प्रमुख, उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष, पत्रकार महासंघका अध्यक्ष लगायत व्यक्तित्वहरुले सम्बन्धित विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।

गुल्मी जिल्लाका कार्यालय प्रमुख, होटल तथा पर्यटन व्यवसायी, बैंक तथा वित्तीय क्षेत्रका शाखा प्रवन्धकहरु समेत करीब ५० जनाको सहभागितामा संचालन भएको उक्त कार्यक्रमको सञ्चालन बैंकिङ विकास तथा अनुसन्धान एकाइका सहायक शंकर भट्टराईले गर्नु भएको थियो ।

# पोखरा कार्यालयद्वारा अन्तरक्रिया कार्यक्रम

पोखरा कार्यालयले मंसिर १० गते पोखरा क्षेत्रमा कार्यरत बैंकर, आर्थिक पत्रकार, उद्योग बाणिज्य संघ र सरोकारवालाहरुको सहभागितामा मुलुकको वर्तमान आर्थिक एवम् वित्तीय गतिविधि र सफा नोट नीति तथा समसामयिक विषयमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक एवम् नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति एवम् समसामायिक विषयहरुमा संक्षिप्त जानकारी प्रस्तुत गर्नुभयो । उहाँले सम्पूर्ण नेपालीहरुमा वित्तीय पहुँच पुर्‍याउन बैंक तथा वित्तीय संस्थाहरुको एवम् वित्तीय साक्षरता बढाउन बैक तथा वित्तीय संस्थाहरुका साथै पत्रकार र उद्योगी व्यवसायीहरु समेतको महत्वपूर्ण योगदान हुने भएकोले गर्दा वित्तीय पहुँच र साक्षरता बढाउन सबैले नेपाल राष्ट्र बैंकलाई सहयोग गर्न आग्रह गर्नुभयो ।




कार्यक्रममा सहभागीहरुले राखेका राष्ट्रिय तथा क्षेत्रीय आर्थिक गतिविधि तथा नेपाल राष्ट्र बैंकले चालेका कदमहरुसँग सम्बन्धित जिज्ञासाहरुलाई पनि उहाँले सम्बोधन गर्नुभयो । सो सम्बोधनको क्रममा उहाँले विभिन्न कठिनाइका बीच पनि नेपाल राष्ट्र बैंकले देशको आर्थिक विकासको सहजकर्ता बन्नका लागि हदैसम्मको प्रयास गरिरहेको र यसका लागि बैंक तथा वित्तीय संस्था, पत्रकार, उद्योगी व्यवसायी तथा सम्पूर्ण सरोकारवालाहरुको साथ आवश्यक पर्ने बताउनु भयो । साथै, तरलता, विप्रेषण, उत्पादकीय क्षेत्रमा लगानी, कृषि कर्जा, सहकारी, लघुवित्त, भारतीय रुपैया, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको मस्यौदा लगायतका विषयमा पनि उहाँले प्रकाश पार्नुभयो ।

सो कार्यक्रममा पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंले पोखरा कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने धौलागिरी र गण्डकी अञ्चलका १० जिल्लाका बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय परिसूचकहरुका साथै आर्थिक क्रियाकलापहरुका बारेमा प्रकाश पार्नुभयो । कार्यक्रमको सुरुवातमा सहभागीहरुलाई पोखरा कार्यालयका उपनिर्देशक अमर अधिकारीले स्वागत मन्तव्य राख्नुभयो ।

कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा पदाधिकारीहरु लगायत पोखरा क्षेत्रमा कार्यरत विभिन्न मिडियामा संलग्न आर्थिक पत्रकार र उद्योग वाणिज्यकर्मीहरु गरी ६० जनाको सहभागिता रहेको थियो । कार्यक्रमलाई पोखरा कार्यालयका सहायक निर्देशक ऋतुनाथ लम्सालले सञ्चालन गर्नु भएको थियो ।



# सफा नोट नीति तथा जाली नोट पहिचान सम्बन्धी अन्तरक्रिया

धनगढी कार्यालयले मंसिर ९ र १० गते सफा नोट नीति र जाली नोट सम्बन्धी कार्यक्रमहरु सम्पन्न ग¥यो ।

मंसिर ९ गते कैलाली बहुमुखी क्याम्पस, धनगढीका विद्यार्थीहरुसँग सफा नोट नीति र जाली नोट सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक भुवन कडेलले सफा नोट नीति र यसको कार्यान्वयन बारे जानकारी गराउँदै विद्यार्थीहरुबाट सफा नोट र जाली नोट सम्बन्धी सोधिएका जिज्ञासाहरुलाई सम्बोधन गर्नुभयो ।

धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले सभापतित्व गर्नु भएको उक्त अन्तरक्रिया कार्यक्रमको सञ्चालन उपनिर्देशक दीर्घबहादुर रावलले गर्नु भएको थियो । कार्यक्रममा कैलाली बहुमुखी क्याम्पसका प्रमुख लगायत, प्राध्यापकहरु तथा स्नातक र स्नातकोत्तर तहका विद्यार्थी गरी ६० जनाको सहभागिता रहेको थियो ।




मंसिर १० गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुसँग सफा नोट नीति तथा जाली नोट पहिचान सम्बन्धी गोष्ठी सम्पन्न भयो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक भुवन कडेलको प्रमुख आतिथ्य र धनगढी कार्यालयका निर्देशक विश्रुत थापाको सभापतित्वमा सम्पन्न सो गोष्ठीमा उपनिर्देशक दीर्घबहादुर रावलले स्वागत मन्तव्य राख्नुभयो । सहायक निर्देशक मणिराज श्रेष्ठले नेपाली नोटका सुरक्षा विशेषताहरु र जाली नोटको पहिचान सम्बन्धी विषयमा तथा सहायक निर्देशक घनश्याम फुलाराले सफा नोट नीति (वर्तमान अवस्था, कार्यान्वयन पक्ष र समस्याहरु) विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु तथा अन्य सरकारी कार्यालयका प्रतिनिधिहरुको उक्त गोष्ठीमा उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन सहायक निर्देशक तीर्थराज ओझाले गर्नु भएको थियो ।

## डेपुटी गभर्नर श्रेष्ठ चीनमा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ CHINA COM SERVICE ले डिसेम्बर ११ देखि १८ सम्म चीनमा आयोजना गरेको MARKET DEVELOPMENT WITH FINANCE CO-OPERATION विषयक कार्यक्रममा सहभागी हुन डिसेम्बर १० मा चीनतर्फ प्रस्थान गर्नुभई डिसेम्बर १९ मा फर्कनु भयो ।

## सञ्चालक अर्याल दुबईमा

सञ्चालक समितिका सदस्य रामहरि अर्याल INSTITUTE FOR CORPORATE GOVERNANCE ले डिसेम्बर १३-१४ मा आयोजना गरेको CENTRAL BANK GOVERNANCE FORUM-GOVERNANCE BODIES AND ENABLING MECHANISMS विषयक कार्यक्रममा सहभागी हुन डिसेम्बर ११ मा दुवईतर्फ प्रस्थान गर्नुभई डिसेम्बर १५ मा फर्कनु भयो ।

## कार्यकारी निर्देशकहरुको सरुवा

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेको जनशक्ति व्यवस्थापन विभागमा र आन्तरिक लेखापरीक्षण विभागको कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठको बैंक सुपरिवेक्षण विभाग सरुवा भएको छ ।

## कायम मुकायम मुकरर

मुद्रा व्यवस्थापन विभागका निर्देशक (अधिकृत प्रथम) डा. वामदेव सिग्देल वित्त व्यवस्थापन विभागको र विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक (अधिकृत प्रथम) वासुदेव अधिकारी आन्तरिक लेखापरीक्षण विभागको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा कायम मुकायम मुकरर हुनु भएको छ ।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ को प्रत्येक महिनामा एउटाका दरले वर्षभरिमा जम्मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप मंसिर ३० गते पाँचौं कार्यक्रमको आयोजना ग¥यो । उक्त कार्यक्रममा अनुसन्धान विभागका निर्देशक डा. गुणाकर भट्टले Asset Price Bubbles विषयमा प्रस्तुति दिनुभयो ।

यस अघिको ज्ञान आदानप्रदान कार्यक्रममा निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत डा. दण्डपाणि पौडेलले निक्षेप तथा कर्जा सुरक्षण कोषको विविध पक्षहरुका बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।

गभर्नरको कार्यालयले आयोजना गरेको ज्ञान आदानप्रदानसँग सम्बन्धित सामग्री home.nrb.org.np मा राखिएको छ ।

# सिन्धुलीमा वित्तीय साक्षरता कार्यक्रम

सर्वसाधारणलाई वित्तीय ज्ञान प्रदान गरी इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसँग कारोबार गर्न र उद्यमी बनी आय आर्जन गर्न अभिप्रेरित गर्ने उद्देश्यले गभर्नरको कार्यालयले मिलिजुली बचत तथा ऋण सहकारी संस्थासँग समन्वय गरी मंसिर ७ गते सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाको रातामाटामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले बचत गर्ने तरिका, ऋण, बिमा र विप्रेषणको महत्व, नोटलाई सफा राख्नुपर्ने कारण, औपचारिक बैंकिङ संजाल प्रयोग गर्ने बानी आदिका बारेमा ज्ञान प्रदान गर्नुभयो । नेपालको वित्तीय प्रणालीका सम्बन्धमा पनि उहाँले प्रकाश पार्नुभयो । साथै, सहभागीहरुको जिज्ञासालाई पनि उहाँले सम्बोधन गर्नुभयो ।

# वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

वित्त कम्पनी सुपरिवेक्षण विभागको आयोजनामा मंसिर ४ गते शनिवार रुपन्देही जिल्ला दयानगर गा.वि.स.-३ कृष्णपुर, छपियास्थित श्री पब्लिक उच्च माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन भयो ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट मन्तव्य राख्दै का. मु. कार्यकारी निर्देशक एजिन्द्रप्रसाद लुईंटेलले विद्यार्थी, स्थानीय महिला, किसान र मजदुरहरुलाई बैंकिङ प्रणालीको बारेमा जानकारी गराउनु हुँदै बचत, पुँजी, बिमा जस्ता विषयमा आधारभूत ज्ञान प्रदान गर्न नेपाल राष्ट्र बैंकले देशका विभिन्न स्थानमा यस्तो कार्यक्रम आयोजना गर्ने गरेको जानकारी गराउनु भयो । उहाँले समाजका सबै वर्ग, खासगरी विद्यार्थी भाइबहिनीहरुले विद्यालयस्तरबाटै वित्तीय चेतना अभिवृद्धि गरी बचत परिचालन तथा स्वरोजगारको लागि वित्तीय क्षेत्रले पुऱ्याउने योगदानको बारेमा जानकारी लिई भविष्यमा उद्यमी बन्न सके देशको आर्थिक विकासमा टेवा पुग्ने र स्वदेशमै रोजगारी सिर्जना हुन सक्ने साथै वित्तीय क्षेत्रबाट महिला, मजदुर तथा किसानले समेत बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा ऋण लिई आफ्नो सिपलाई उत्पादनशील क्षेत्रमा प्रयोग गरी आर्थिक उन्नति हुनसक्ने तर्फ ध्यानाकर्षण गराउनु भयो ।




सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले कार्यक्रममा सहभागी तथा आयोजकहरुलाई स्वागत गर्नुहुदै वित्तीय कारोबार गर्दा बैंकिङ प्रणालीको प्रयोग गर्न आग्रह गर्नुभयो । उहाँले नेपाल राष्ट्र बैंकले सर्वसाधारण निक्षेपकर्ता, ऋणी, साधारण अंशियारहरु र संस्थापकहरु सबैको सरोकार र हितलाई केन्द्र विन्दुमा राखेर आफ्ना कार्यहरु अगाडि बढाएको बताउनु भयो । वित्तीय चेतना अभिवृद्धि सम्बन्धी प्रस्तुतीकरणका क्रममा सो विभागका निर्देशक दयाराम शर्मा पंगेनीले नेपाल राष्ट्र बैंकले पछिल्लो समयमा वित्तीय क्षेत्र स्थायित्व र वित्तीय पहुँच तथा वित्तीय समावेशिता प्रवर्द्धन गर्न आफ्ना प्रयासहरु केन्द्रित गरेको बताउनु हुदै सहभागी स्थानीयहरुलाई नेपाल राष्ट्र बैंकको पहलमा कार्यन्वयनमा रहेका लघु वित्तीय प्रकृतिका सेवाहरु उपयोग गरी केन्द्रीय बैंकको प्रयासलाई सफल पार्न आग्रह गर्नुभयो । उहाँले वित्तीय क्षेत्र स्थायित्व नेपाल राष्ट्र बैंकको प्रमुख अभिष्ट भएकोले बैंकबाट इजाजत प्राप्त संस्थाहरुसँग गरिने कारोबार भरपर्दो, सुरक्षित र विश्वासिलो हुने कुरामा जोड दिनुभयो ।

उक्त विद्यालयका प्रधानाध्यापक दुखीराम यादवले वित्तीय चेतना अभिवृद्धि गराउने उद्देश्यले गरेको कार्यक्रमको प्रशंसा गर्दै आयोजक विभागलाई धन्यवाद दिनु भयो। उहाँले संसारमा केन्द्रीय बैंकको जिम्मेवारीलाई महत्वका साथ हेरिने समेत बताउनु भयो ।

उक्त कार्यक्रममा विद्यार्थी, महिला, मजदुर तथा किसानहरु गरी करिब १०० जनाको सहभागिता रहेको थियो। सहभागीहरुले नेपालको बैंकिङ प्रणाली, बैकिङ सेवा र बैंकिङ उत्पादनको बारेमा जिज्ञासा राखेका थिए। कार्यक्रमको संचालन विभागका सहायक निर्देशक शिवप्रसाद पहारीले गर्नु भएको थियो ।

## कार्यकारी निर्देशक तथा निर्देशकहरु अन्तर्राष्ट्रिय कार्यक्रममा

सामान्य सेवा विभागका कार्यकारी निर्देशक रमेशकुमार पोखरेल र बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक हरिशरण के. सी. 22-23 NOVEMBER मा SEACEN ले KUALA LUMPUR, MALAYSIA मा आयोजना गरेको 2016 SEACEN-OMFIF JOINT POLICY SUMMIT मा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना 23 NOVEMBER मा NRNA ले BALI, INDONESIA मा आयोजना गरेको SEMINAR OF BANKING AND ENTREPRENEURSHIP DEVELOPMENT OF NEPAL मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा 26-28 NOVEMBER मा SEACEN ले MYANMAR मा आयोजना गरेको 52nd SEACEN GOVERNORS CONFERNCE मा सहभागी हुनुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक सार्थक कार्की पनि सो CONFERNCE मा सहभागी हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल 7-8 DECEMBER मा BANK FOR INTERNATIONAL SETTLEMENTS ले BASEL, SWITZERLAND मा आयोजना गरेको MEETING ON SUPERVISORY PRIORITIES INCLUDING IMPLEMENTING BASEL II मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ 13-14 DECEMBER मा INSTITUTE FOR CORPORATE GOVERNANCE ले DUBAI मा आयोजना गरेको CENTRAL BANK GOVERNANCE FORUM – GOVERNANCE BODIES AND ENABLING MECHANISM मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक डा. गोपालप्रसाद भट्ट 1-2 DECEMBER मा INDONESIA FINANCIAL SERVICE AUTHORITY ले BALI, INDONESIA मा आयोजना गरेको 2016 INTERNATIONAL SUSTAINABLE FINANCE FORUM-MARKET INNOVATION FOR SUSTAINABLE FINANCE मा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक विजयकुमार क्षेत्री पनि सो FORUM मा सहभागी हुनुहुन्थ्यो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विनोदराज आचार्य 28 NOV-1 DEC मा ASIA PACIFIC GROUP ले JEDDAH, SAUDI ARABIA मा आयोजना गरेको MANAFATE/APG JOINT TYPOLOGIES AND CAPACITY BUILDING WORKSHOP मा सहभागी हुनुभयो ।

जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरे 28-30 NOVEMBER मा BANK NEGARA MALAYSIA ले KUALA LUMPUR, MALAYSIA मा आयोजना गरेको ANNUAL CONFERENCE ON CENTRAL BANK BUSINESS SURVEYS & LIAISON PROGRAMME मा सहभागी हुनुभयो । धनगढी कार्यालयका उपनिर्देशक रमेश आचार्यको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक विनोदकुमार तण्डुकार 30 NOV- 1 DEC मा ALLIANCE FOR FINANCIAL INCLUSION ले BALI, INDONESIA मा आयोजना गरेको MAXIMIZING THE POWER OF ACCESS: FINDING AN OPTIMAL BALANCE BETWEEN FINANCIAL INCLUSION AND FINANCIAL STABILITY विषयक कार्यक्रममा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक रत्नेश्वरलाल कर्णको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

कानुन महाशाखाका निर्देशक रामहरि न्यौपाने 5-9 DECEMBER मा IMF-STI ले SINGAPORE मा आयोजना गरेको LEGAL ASPECTS OF INTERNATIONAL FINANCIAL INSTITUTIONS विषयक कार्यक्रममा सहभागी हुनुभयो । कानुन महाशाखाका उपनिर्देशक नीरा ताल्चाभडेलको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

सूचना प्रविधि विभागका का. मु. निर्देशक शिवराम दवाडी 30 NOVEMBER मा CENTRAL BANK OF BANGLADESH ले DHAKA, BANGLADESH मा आयोजना गरेको INFORMATION TECHNOLOGY विषयक कार्यक्रममा सहभागी हुनुभयो । सोही विभागका उपनिर्देशक अनिल प्रधानको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

## अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा सहभागिता

उपनिर्देशकहरु बैंक तथा वित्तीय संस्था नियमन विभागका मात्रिकाप्रसाद पौडेल र विदेशी विनिमय व्यवस्थापन विभागका सुदर्शन ढुंगाना तथा सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका यामबहादुर सुर्खाली र अनुसन्धान विभागका सुशील पौडेल 22-25 NOVEMBER मा BANK OF KOREA ले SEOUL, SOUTH KOREA मा आयोजना गरेको FINANCIAL STABILITY विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक सन्तोष घिमिरे र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सुनिल भण्डारी 27 NOV-2 DEC मा MONETARY AUTHORITY OF SINGAPORE ले SINGAPORE मा आयोजना गरेको 23RD MAS BANKING SUPERVISION विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक तीर्थराज सिल्वाल र बैंकिङ कार्यालयका

बाँकी ८ पेजमा

७ पेजको बाँकी

सहायक निर्देशक बुद्धिकृष्ण डंगोल 28 NOV-1 DEC मा CENTRAL BANK OF SRI LANKA ले COLOMBO, SRI LANKA मा आयोजना गरेको BEST PRACTICES IN COMMERCIAL BANK OPERATIONS विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक कृष्णगोपाल श्रेष्ठ र सहायक निर्देशक अशोककुमार सुनुवार 28 NOV-2 DEC मा BANK FOR INTERNATIONAL SETTLEMENTS ले HONG KONG मा आयोजना गरेको BIS ASIAN RESERVE MANAGEMENT WORKSHOP मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक पिताम्बर सापकोटा र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक यज्ञ श्रेष्ठ 28 NOV-9 DEC मा IMF-STI ले SINGAPORE मा आयोजना गरेको FINANCIAL SOUNDNESS INDICATORS विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

उपनिर्देशकहरु वित्त कम्पनी सुपरिवेक्षण विभागका सुनिता श्रेष्ठ र समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका प्रतिभा अधिकारी तथा सहायक निर्देशकहरु बैंक सुपरिवेक्षण विभागका रविन्द्र भट्टराई र अनुसन्धान विभागका गुणराज भट्ट 4-9 DECEMBER मा SEACEN ले MUMBAI, INDIA मा आयोजना गरेको SEACEN-IMF COURSE ON FINANCIAL CYCLES AND CRISIS मा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशक पुष्पा अधिकारी तथा सहायक निर्देशक डिल्लीराम पोखरेल र संस्थागत योजना विभागका सहायक निर्देशक बिन्ती श्रेष्ठ प्रसाईं 5-7 DECEMBER मा CENTRAL BANK OF SRI LANKA ले COLOMBO, SRI LANKA मा आयोजना गरेको FORECASTING, BUDGETING AND FINANCIAL MANAGEMENT विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका उपनिर्देशक रामप्रसाद फुयाँल 6-8 DECEMBER मा BANK FOR INTERNATIONAL SETTLEMENTS ले BASEL, SWITZERLAND मा आयोजना गरेको CONFERENCE ON BANK RESOLUTION, CRISIS MANAGEMENT AND DEPOSIT INSURANCE ISSUES मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु विराटनगर कार्यालयका बिना ढकाल पौडेल, अनुसन्धान विभागका जयन्ती चापागाईं पौडेल र मुद्रा व्यवस्थापन विभागका भैरवराज पन्त 21-24 NOVEMBER मा CICTAB ले भारतमा आयोजना गरेको AGRICULTURE & RURAL DEVELOPMENT THROUGH COOPERATIVE BUSINESS MODEL विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका गंगा थापा बस्नेत, जनशक्ति व्यवस्थापन विभागका जनकराज सापकोटा र बैंकिङ कार्यालयका मेघप्रसाद लामिछाने 21-25 NOVEMBER मा CICTAB ले भारतमा आयोजना गरेको DEVELOPMENT MANAGERIAL SKILLS FOR AGRICULTURE CO-OPERATIVE & RURAL FINANCING INSTITUTIONS विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु विराटनगर कार्यालयका विनोद पोखरेल र विकास बैंक सुपरिवेक्षण विभागका रेवतीप्रसाद श्रेष्ठ 24-26 NOVEMBER मा CENTRAL BANK OF SRI LANKA ले COLOMBO, SRI LANKA मा आयोजना गरेको COMPLIANCE FOR FINANCIAL INSTITUTIONS विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु बैंकिङ कार्यालयका सुमनकुमार अर्याल र विकास बैंक सुपरिवेक्षण विभागका पदमराज जोशी 7-10 DECEMBER मा CENTRAL BANK OF SRI LANKA ले COLOMBO, SRI LANKA मा आयोजना गरेको WORKSHOP ON CREDIT MANAGEMENT मा सहभागी हुनुभयो ।

## सहायक निर्देशकमा बढुवा

प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पदसंख्या ३ आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सिलसिलामा लिइएको लिखित परीक्षा तथा अन्तर्वार्तामा उत्तीर्ण भई प्रधान सहायकहरु मुद्रा व्यवस्थापन विभागका मनोजकुमार थापा, गभर्नरको कार्यालयका राधाकृष्ण पुडासैनी र जनशक्ति व्यवस्थापन विभागका हरिदास वैष्णव सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनु भएको छ ।

## प्रधान सहायकमा बढुवा

प्रधान सहायक (सहायक प्रथम) पदसंख्या ६ आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सिलसिलामा लिइएको लिखित परीक्षा तथा अन्तर्वार्तामा उत्तीर्ण भई सहायकहरु मुद्रा व्यवस्थापन विभागका तिलकबहादुर थिंग, वित्त व्यवस्थापन विभागका चुडामणि पोखरेल, जनशक्ति व्यवस्थापन विभागका रविचन्द्र पौडेल, सिद्धार्थनगर कार्यालयका निर्मला दाहाल, बैंकिङ कार्यालयका हरिप्रसाद पौड्याल र धनगढी कार्यालयका डम्बरदत्त भट्ट प्रधान सहायक निर्देशक (सहायक प्रथम) पदमा बढुवा हुनु भएको छ ।

## सहायकमा बढुवा

सहायक (सहायक द्वितीय) पदसंख्या ८ आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सिलसिलामा लिइएको लिखित परीक्षा तथा अन्तर्वार्तामा उत्तीर्ण भई उपसहायकहरु राष्ट्र ऋण व्यवस्थापन विभागका राजु तिमिल्सिना, सामान्य सेवा विभागका सूर्यबहादुर बोगटी र सिद्धार्थनगर कार्यालयका गोविन्दप्रसाद शर्मा सहायक (सहायक द्वितीय) पदमा बढुवा हुनु भएको छ ।

## निधन

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यालय सहयोगी द्वितीय रामचन्द्र अधिकारीको कार्तिक २१ गते निधन भएको छ ।

'समाचार' मृतात्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

## सरुवा/कामकाज

सहायक निर्देशकहरु संस्थागत योजना विभागका बिन्ती श्रेष्ठ प्रसाईं, बैंक सुपरिवेक्षण विभागका सुधा दुलाल आचार्य र बैंक तथा वित्तीय संस्था नियमन विभागका मीलादेवी बाराहीको अनुसन्धान विभागमा सरुवा भएको छ ।सहायक निर्देशकहरु आन्तरिक लेखापरीक्षण विभागका कृष्णप्रसाद उप्रेती, बैंक सुपरिवेक्षण विभागका विष्णुबहादुर श्रेष्ठ, मुद्रा व्यवस्थापन विभागका सवना वैद्य, उमेशकुमार अधिकारी, गंगालाल श्रेष्ठ र माधवप्रसाद बराल तथा विराटनगर कार्यालयका एकराज सुवेदीको बैंकिङ कार्यालयमा सरुवा भएको छ ।

सहायक निर्देशकहरु जनकपुर कार्यालयका चन्द्रमणि निरौला, वित्त कम्पनी सुपरिवेक्षण विभागका दिलबहादुर सुब्बा आङदम्बे र बैंक सुपरिवेक्षण विभागका रविन्द्र भट्टराईको वित्तीइ जानकारी एकाइमा सरुवा भएको छ । अनुसन्धान विभागका सहायक निर्देशक श्यामराज त्रिपाठीको बैंक तथा वित्तीय संस्था नियमन विभागमा तथा सहायक निर्देशकहरु विदेशी विनिमय व्यवस्थापन विभागका पिताम्बर पोखरेल, अनुसन्धान विभागका आशबहादुर थापा र लक्ष्मीनारायण ताम्राकार, जनशक्ति व्यवस्थापन विभागका मधुसुधन दवाडी, विकास बैंक सुपरिवेक्षण विभागका इमबहादुर क्षेत्री तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका कुबेर थापाको बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका मीना अधिकारी, गंगा थापा बस्नेत र अस्मिता गोर्खाली, बैंक सुपरिवेक्षण विभागका प्रल्हाद खड्का तथा बैंकिङ कार्यालयका गहेन्द्र कोइरालाको विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा भएको छ । सहायक निर्देशकहरु बैंक सुपरिवेक्षण विभागका वसन्तराज पाण्डे, जनशक्ति व्यवस्थापन विभागका जयनारायण प्रधान र राममणि शर्मा, वित्त कम्पनी सुपरिवेक्षण विभागका शिवप्रसाद पहारी तथा बैंक तथा वित्तीय संस्था नियमन विभागका शर्मिला श्रेष्ठको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

सहायक निर्देशकहरु सामान्य सेवा विभागका हरिराम रिमालको विकास बैंक सुपरिवेक्षण विभागमा, वित्तीय जानकारी एकाइका कृष्णप्रसाद गौतमको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखामा, राष्ट्र ऋण व्यवस्थापन विभागका प्रभा रिमाल न्यौपानेको बैंकर्स प्रशिक्षण केन्द्रमा, विदेशी विनिमय व्यवस्थापन विभागका डण्डप्रसाद खरेलको संस्थागत योजना विभागमा, बैंक सुपरिवेक्षण विभागका रामविलास महतो र रमेशकुमार कटुवालको क्रमशः जनकपुर कार्यालय र राष्ट्र ऋण व्यवस्थापन विभागमा, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका मनोहरप्रसाद भट्टराईको आन्तरिक लेखापरीक्षण विभागमा र वित्त व्यवस्थापन विभागका खिलानाथ दाहालको वित्त कम्पनी सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका वीरबहादुर के. सी. को सामान्य सेवा विभाग (कामकाज- वित्त व्यवस्थापन विभाग) मा, विदेशी विनिमय व्यवस्थापन विभागका विकासराज पाण्डेको अनुसन्धान विभाग (कामकाज- विकास बैंक सुपरिवेक्षण विभाग) मा, मुद्रा व्यवस्थापन विभागका श्रीराम न्यौपानेको वित्तीय जानकारी एकाइ (कामकाज- आन्तरिक लेखापरीक्षण विभाग) मा, वित्तीय जानकारी एकाइका सुमनकुमार न्यौपानेको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज- आन्तरिक लेखापरीक्षण विभाग) मा, वित्त कम्पनी सुपरिवेक्षण विभागका विष्णुप्रसाद उपाध्यायको सामान्य सेवा विभाग (कामकाज- वित्त व्यवस्थापन विभाग) मा, वित्तीय जानकारी एकाइका राजेशकुमार सुवेदीको अनुसन्धान विभाग (कामकाज- विदेशी विनिमय व्यवस्थापन विभाग) मा सरुवा भएको छ ।

यसैगरी, बैंकिङ कार्यालयका कल्पनादेवी पौडेल भट्टराईको बैंक सुपरिवेक्षण विभाग (कामकाज- विदेशी विनिमय व्यवस्थापन विभाग) मा, मुद्रा व्यवस्थापन विभागका राकेश प्रजापतीको बैंक सुपरिवेक्षण विभाग (कामकाज- विकास बैंक सुपरिवेक्षण विभाग) मा, बैंकिङ कार्यालयका रवि भण्डारी तथा मदनकुमार श्रेष्ठको राष्ट्र ऋण व्यवस्थापन विभाग (कामकाज- मुद्रा व्यवस्थापन विभाग) मा, मुद्रा व्यवस्थापन विभागका निर्मला श्रेष्ठको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज- बैंकिङ कार्यालय) मा, बैंकिङ कार्यालयका महेन्द्रराज कार्की तथा सम्राट रुपाखेतीको विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज- मुद्रा व्यवस्थापन विभाग) मा र मुद्रा व्यवस्थापन विभागका केशु थापाको राष्ट्र ऋण व्यवस्थापन विभाग (कामकाज- बैंकिङ कार्यालय) मा सरुवा भएको छ ।

## प्राविधिक तर्फका विभिन्न तहमा बढुवा

प्राविधिक सेवातर्फका मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखाका वरिष्ठ मेकानिक्सहरु तीर्थनारायण महर्जन र अम्मरबहादुर जी. सी. मेकानिकल सुपरभाइजर (सहायक प्रथम) पदमा तथा कुक कम केयर टेकरहरु विराटनगर कार्यालयका नारायण घले र पोखरा कार्यालयका गोविन्दबहादुर थापा वरिष्ठ कुक कम केयर टेकर (सहायक प्रथम) पदमा बढुवा हुनु भएको छ ।

त्यसैगरी, मुद्रा व्यवस्थापन विभागका मेकानिक्स शंकर तामाङ र प्लम्बर रामकृष्ण खडगी क्रमशः वरिष्ठ मेकानिक्स (सहायक द्वितीय) र वरिष्ठ प्लम्बर (सहायक द्वितीय) पदमा बढुवा हुनु भएको छ ।


बढुवा हुनु भएका सबैलाई समाचार बधाइ ज्ञापन गर्दछ ।

## अवकाश

बैंकिङ कार्यालयका सहायक निर्देशक निरञ्जनकुमार दाहाल, मुद्रा व्यवस्थापन विभागका वरिष्ठ मेकानिक्स रामकुमार गिरी, सामान्य सेवा विभागका उपप्रधान चालक सानुसन्ते तामाङ र मुद्रा व्यवस्थापन विभागका कार्यालय सहयोगी प्रथम विनोद पञ्चकोटीले बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

उहाँहरु मध्ये सहायक निर्देशक दाहालले ५८ वर्षको उमेर सीमाका कारण र अन्य सबैले ३० वर्षको सेवा अवधिका कारण अवकाश पाउनु भएको हो ।

# स्वीकार्यताका आधारमा भुक्तानी उपकरण



केदारप्रसाद आचार्य
उपनिर्देशक

## भुक्तानी उपकरण

वस्तु वा सेवाको खरिद गरे वापत मूल्य चुक्ता गर्न प्रयोग गरिने मौद्रिक साधनलाई भुक्तानीको उपकरण भनिन्छ । प्राचीन समयमा शंख, गाई, कौडा आदिले भुक्तानी उपकरणको रुपमा कार्य गर्दथे । मुद्राको आविष्कार भएपछि मुद्रा नै सर्वस्वीकार्य भुक्तानी उपकरणको रुपमा विकसित भयो । यसपछि चेक, ड्राफ्ट, बिल अफ एक्सचेन्ज जस्ता कागजी भुक्तानी उपकरण प्रचलनमा आए । आधुनिक समयमा विद्युतीय भुक्तानी कार्ड (डेबिट, क्रेडिट र प्रिपेड कार्ड) ले पनि मुद्राको प्रतिनिधित्व गर्दछन् । यसलाई प्लास्टिक मनी (कार्ड प्लाष्टिकको हुने भएकाले) पनि भनिन्छ । हालका दिनमा मोबाइल बालेट, इन्टरनेट बालेट जस्ता इलेक्ट्रोनिक मनी (विद्युतीय मुद्रा) पनि प्रचलनमा रहेका छन् । विद्युतीय भुक्तानी कार्ड (स्ट्राइप, स्मार्ट) समेत इलेक्ट्रोनिक बालेटको रुपमा प्रयोग गर्न सकिने सुविधाको विकास भएको छ । विद्युतीय भुक्तानी उपकरणलाई आधुनिक भुक्तानी उपकरणको रुपमा लिई अहिले मुद्रा, चेक र ड्राफ्टलाई कागजी भुक्तानी उपकरण मानिन्छ । यी उपकरणको माध्यमबाट ग्राहकले बैंकको खातामा राखेको रकम वा भुक्तानीको प्रयोजनका लागि यी उपकरणमा जम्मा गरेको रकमबाट विद्युतीय रुपमा कारोबार गर्न सकिन्छ । विद्युतीय साधनको प्रयोगबाट भुक्तानी लिने दिने कार्य सम्पन्न हुने हुनाले यस्तो भुक्तानी कारोबारलाई विद्युतीय वित्तीय सेवा (Digital Financial Service) भनिन्छ ।

## भुक्तानी उपकरण जारी गर्ने संस्था

परम्परागत रुपमा बैंक तथा वित्तीय संस्थाहरुले मात्र भुक्तानी उपकरण निष्काशन तथा स्वीकार गर्न सक्थे । तर अहिले विद्युतीय भुक्तानी उपकरण जारी गर्ने संस्थाको आयाममा विस्तार भएको छ । बैंक तथा वित्तीय संस्थाका अतिरिक्त भुक्तानी बैंक, भुक्तानी सम्बन्धी काम गर्ने संस्था, दूरसञ्चार कम्पनी र व्यापारिक गृहले पनि भुक्तानी उपकरण जारी गर्ने गरेको पाइन्छ । डेबिट कार्ड, क्रेडिट कार्ड बैंक तथा वित्तीय संस्थाले जारी गरेको, इ-वालेट अन्य गैर बैंक वित्तीय संस्थाले जारी गरेको, मोबाइल वित्तीय सेवा दूरसञ्चार कम्पनीले प्रदान गरेको, गिफ्ट भाउचर वा भाउचर व्यापारिक संस्थाले जारी गरेको पाउन सकिन्छ ।

## भुक्तानी उपकरणको स्वीकार्यता

भुक्तानी उपकरणले मुद्राको प्रतिनिधित्व गर्ने भए पनि सबै भुक्तानी उपकरण मुद्रा भैं सर्वस्वीकार्य रहन सक्दैनन् । उपकरण जारी गर्ने संस्थाको क्षमता, उपकरणको किसिम, भुक्तानी सम्बन्धी पूर्वाधारको विकास र नियमनका कारण भुक्तानी उपकरणको स्वीकार्यता घटबढ हुन सक्छ । स्वीकार्यताका आधारमा भुक्तानी उपकरणलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छ ।

### बन्द लुप (Closed Loop)

कुनै व्यक्ति वा संस्थाद्वारा जारी भएका र ती संस्था वा व्यक्तिलाई भुक्तानी गर्न वा तीबाट उपलब्ध वस्तु वा सेवा प्रयोग गरे बापत रकम तिर्न मात्र उपयोगमा आउन सक्ने भुक्तानी उपकरणहरु यस वर्गमा पर्दछन् । आफ्नो उत्पादन प्रयोग गरेबापत केही भर्च्युअल रकम (Virtual Money) समेत ती संस्थाहरुले यस्ता उपकरणमा उपलब्ध गराउँदछन् । यी भुक्तानी उपकरणबाट अन्य व्यक्ति र संस्थामा भुक्तानी गर्न सकिन्न । यी भुक्तानी उपकरणबाट पैसा झिक्न वा यी उपकरणमा जम्मा भएको रकम फिर्ता गर्न पनि सकिन्न ।

बजारमा यस्ता उपकरण प्रचलित भए विभिन्न सर्वसाधारणले विभिन्न प्रयोजनका लागि विभिन्न किसिमका भुक्तानी उपकरण प्रयोग गर्नुपर्ने हुन्छ र स्वाभाविक रुपमा बढी उपकरणको प्रयोग गर्नुपर्छ । ताइवानमा एक व्यक्तिले सरदर २० वटा भुक्तानी कार्डको प्रयोग गर्दछ ।

कम्पनीले आफ्नो उत्पादन वा सेवा उपभोगमा प्रतिबद्ध ग्राहकको लागि र सर्वसाधारणमा आफ्नो उत्पादन र सेवाको प्रतिबद्धता बढाउनका लागि समेत यस्तो भुक्तानी उपकरण उपयोगी हुन्छ । यस्तो उपकरणको माध्यमबाट आफ्ना ग्राहकलाई छुट तथा अन्य सुविधा समेत प्रदान गर्न सजिलो हुन्छ ।

सामान्यतया यस्ता उपकरण जारी गर्ने संस्था र उपकरणहरुले भुक्तानी प्रणाली नियमनसँग सम्बन्धित निकायबाट अनुमति लिनु आवश्यक मानिदैन ।

विभिन्न कम्पनीका बीच सम्झौता भई यस्ता उपकरणको स्वीकार्यताको सीमा वृद्धि भएमा वा एकै संस्थाले विभिन्न वस्तु तथा सेवाको कारोबार गर्ने अवस्थामा यस्ता उपकरणले खुला लुपको जस्तै प्रभाव पार्न सक्छन् ।

नेपालको सन्दर्भमा हवाइजहाज कम्पनीबाट जारी हुने माइलेज कार्ड, टेलिकम कम्पनीबाट जारी रिचार्ज कार्ड, विभिन्न व्यवसायिक फर्मबाट जारी गिफ्ट भौचर यसका उदाहरण हुन् ।

### अर्धबन्द लुप (Semi-Closed Loop)

बन्द लुप अन्तर्गतका भुक्तानी उपकरणको भन्दा यी वर्गका उपकरणको स्वीकार्यता बढी हुन्छ । यी उपकरणहरु विभिन्न व्यावसायिक संस्थाहरुले सम्झौता गरी ती व्यावसायिक घरानामा स्वीकार्य हुने गरी जारी गरिन्छन् । यी उपकरणहरुबाट नगद झिक्ने सुविधा प्रदान गरिदैन ।

यी उपकरण प्रभावकारी भएमा र प्राविधिक रुपमा सम्भव भएको अवस्थामा अन्य व्यवसायिक घरानाले पनि त्यसलाई स्वीकार गरी यस्ता उपकरणको स्वीकार्यतामा वृद्धि गराउन सक्छन् । कतिपय विश्लेषणमा यस किसिमका भुक्तानी उपकरणको वर्गलाई अर्ध खुला लुप (Semi-Open Loop) पनि मानिएको छ । भुक्तानी सम्बन्धी कार्य गर्ने गैर बैंक संस्थाबाट सञ्चालनमा ल्याइने मोबाइल वालेट यस किसिमको उपकरणमा पर्दछन् ।

### खुला लुप (Open Loop)

यस वर्ग अन्तर्गतका भुक्तानी उपकरणहरु विभिन्न व्यवसायिक संस्थाबाट वस्तु तथा सेवा खरिदका लागि प्रयोग हुन्छन् । यसको साथै यी उपकरणहरु नगद झिक्ने प्रयोजनका लागि पनि प्रयोग गरिन्छन् । यस्ता उपकरणको प्रयोग गरी एटीएम (Automated Teller

बाँकी ११ पेजमा

१० पेजको बाँकी

Machine- ATM) तथा पस (Point of Sale- POS) मेसिनको माध्यमबाट पैसा झिक्न तथा रकमान्तर गर्न समेत सकिन्छ । यस्ता भुक्तानी उपकरणबाट हुने कारोबारको सीमा तोकी व्यवस्थित गर्न सकिन्छ । एकै भुक्तानी उपकरणबाट विभिन्न बस्तु तथा सेवा खरिद गर्न सकिने, रकमान्तर गर्न सकिने तथा नगद समेत झिक्न सकिने भएकाले सर्वसाधारणलाई धेरैवटा भुक्तानी उपकरण प्रयोग गर्नुपर्ने झण्झट रहँदैन । भिसा, मास्टरकार्ड जस्ता कम्पनीबाट जारी भएका डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, यात्रा कार्ड यस्तो वर्गमा पर्दछन् ।

### नेपालको सन्दर्भ

नेपालमा आधुनिक भुक्तानी उपकरणको प्रचलनको इतिहास लामो छैन । सन् १९९० को दशकमा विदेशी बैंकको संयुक्त लगानीमा नेपालमा बैंक तथा वित्तीय संस्था खुल्ने क्रम सुरु भएपछि बैकिङ क्षेत्रमा नयाँ प्रविधिको प्रयोग सुरु भयो । यसै क्रममा भुक्तानीका आधुनिक तथा विद्युतीय उपकरणको प्रचलन पनि सुरु भयो । नबिल बैंक लिमिटेडबाट सन् १९९० मा पहिलो पटक क्रेडिट कार्ड जारी भएको थियो भने हिमालयन बैंक लिमिटेडले पहिलो पटक सन् १९९५ मा एटीएम जडान गरेको थियो । यसै गरी कुमारी बैंक लिमिटेडबाट सन् २००२ मा इन्टरनेट बैंकिङको सुरुवात हुनुका साथै लक्ष्मी बैंक लिमिटेडबाट सन् २००४ मा मोबाइल बैंकिङको सुरुवात भएको थियो । हाल सबै बैंकहरुले डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ, इन्टरनेट बैकिङको सुविधा उपलब्ध गराइरहेका छन् । नेपालमा जारी हुने विद्युतीय भुक्तानी कार्डहरु भिसा, मास्टरकार्ड जस्ता ब्रान्डमा जारी गरिन्छन् । हाल नेपाली ब्रान्डको रुपमा एससीटी र रुपैयाँ ब्रान्डमा समेत कार्ड जारी हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले आधुनिक भुक्तानी प्रणालीको विकास गर्न र भुक्तानी उपकरणहरुलाई व्यवस्थित गर्न भुक्तानी तथा फछर्यौट विनियमावली, २०७२, भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था र संयन्त्रलाई जारी गरिने अनुमति नीति, २०७३ जारी गरेको छ भने यी व्यवस्था कार्यान्वयनका लागि भुक्तानी प्रणाली विभागको गठन समेत गरेको छ । यी दस्तावेजमा भुक्तानी उपकरणलाई लुपका आधारमा स्पष्ट वर्गीकरण गरेको नदेखिए पनि यो अवधारणालाई आत्मसात गरी उपकरण र भुक्तानी माध्यमको व्यवस्था गरिएको छ ।

नेपालको सन्दर्भमा भुक्तानी प्रणालीको आधुनिकीकरणको विषय वित्तीय समावेशितासँग समेत जोडिएको छ । नेपालमा बैंकिङ सेवाको पहुँच करिब ४० प्रतिशत जनतामा मात्र पुग्न सकेको र भौगोलिक कठिनाइ र जनसांख्यिक वितरणको अवस्थाका कारण बैंकिङ पहुँच विस्तारमा समस्या देखिएकोले विद्युतीय भुक्तानी उपकरणलाई वित्तीय पहुँच वृद्धिको साधनको रुपमा पनि लिइएको छ । यसबाट बैंकिङ सेवा पाइरहेका ग्राहकहरुलाई थप सुविधा उपलब्ध हुन्छ भने बैंक शाखाबाट टाढा रहेका सर्वसाधारणहरुले पनि विद्युतीय भुक्तानी उपकरणका माध्यमबाट वित्तीय सेवा लिन सक्षम हुने अपेक्षा राखिएको छ । यसरी विद्युतीय वित्तीय सेवा (Digital Financial Service-DFS) ले नेपालको वित्तीय बजारमा ठुलो भूमिका खेल्न सक्ने अपेक्षा गरिएको छ । ती सेवाको अध्ययन, विश्लेषण तथा नियमन गर्नका लागि स्वीकार्यताको आधार महत्वपूर्ण हुनसक्छ ।

kedarji330@gmail.com

# देशको आर्थिक तथा वित्तीय स्थिति

(आ.व. २०७३/७४ को प्रथम चार महिना)

### मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ कात्तिक महिनामा ४.८ प्रतिशतमा ओर्लेको छ ।

### वैदेशिक व्यापार

आर्थिक बर्ष २०७३/७४ को पहिलो चार महिनासम्ममा कुल वस्तु निर्यात १७ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ५२ करोड पुगेको छ । कुल वस्तु आयात ८७.४ प्रतिशतले बढेर रु. ३०१ अर्ब ६६ करोड पुगेको छ । कुल वस्तु व्यापार घाटा रु. २७७ अर्ब १३ करोड पुगेको छ ।

### सेवा तथा विप्रेषण आप्रवाह

समीक्षा अवधिमा खुद सेवा आय बचत रु. १ अर्ब ९ करोड पुगेको छ । विप्रेषण आप्रवाह ७.८ प्रतिशतले वृद्धि भई रु. २३२ अर्ब १४ करोड र खुद ट्रान्सफर आय रु. २६५ अर्ब ४३ करोड पुगेको छ ।

### चालू खाता एवम् शोधनान्तर

चालु खाता २०७३ कात्तिकमा रु. १ अर्ब ८६ करोडले बचतमा फर्केको छ । समग्र शोधनान्तर रु. २१ अर्ब ९८ करोडले बचतमा रहेको छ ।

### विदेशी विनिमय सञ्चिति र पर्याप्तता सूचकहरू

कुल विदेशी विनिमय सञ्चिति २०७३ कात्तिक मसान्तमा रु. १०६१ अर्ब २८ करोड पुगेको छ । बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.४ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### सरकारी बजेट/खर्च

आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५३ अर्ब २९ करोडले बचतमा रहेको छ । नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. १४० अर्ब ६८ करोड पुगेको छ ।

### राजस्व/सरकारको नगद मौज्दात

समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन रु. १६८ अर्ब ४ करोडमा पुगेको छ । २०७३ कार्तिक मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १९५ अर्ब ९६ करोड नगद मौज्दात कायम रहेको छ ।

### निक्षेप सङ्कलन र कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ३.९ प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.४ प्रतिशतले बढेको छ ।

### तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा यस बैंकले रु. ९२ अर्ब २५ करोड तरलता प्रशोचन गरेको छ । सो अवधिमा कुल रु. १४७ अर्ब ८८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ ।

### ब्याजदर

९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २०७३ कात्तिकमा ३ प्रतिशत कायम भएको छ ।

# वित्तीय साक्षरताको अभियानमा नेपाल राष्ट्र बैंक

**(दर्शकको प्रतिक्रिया)**

- राधिका गुरागाईं

नेपाल राष्ट्र बैंकले विगत केही वर्षदेखि वित्तीय साक्षरताको विषयलाई विशेष कार्यक्रम र अभियानका साथ अगाडि बढाएको छ। यस अन्तर्गत देशका विभिन्न ठाउँमा गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रहरु हुने गरेका छन्। यस्ता कार्यक्रमहरुमा बचत गर्ने बानीलाई फराकिलो तुल्याउनुपर्ने, आफ्नो आम्दानीलाई अनुत्पादक वा फजुल खर्चको सट्टा आयमूलक र उत्पादनमूलका काममा उपयोग गर्नुपर्ने, नोटको जतन, संरक्षण र मर्यादित रुपमा राख्नुपर्ने लगायतका विषयमा जनचेतनामूलक सन्देश दिने गरिएको छ।

यसै वर्षदेखि वित्तीय साक्षरताको अभियानका क्रममा बैंकले जनचेतनाका लागि सडक नाटकको कार्यक्रम पनि आरम्भ गरेको छ। देशको पूर्वी क्षेत्रबाट यसको आरम्भ हुनु विराटनगर कार्यालयका कर्मचारीका लागि विशेष चासो र खुशीको विषय पनि हो। प्रतिक्रिया तयार गर्ने यो दर्शक (प्रतिक्रियाकार) पनि नेपाल राष्ट्र बैंक, विराटनगरमा कार्यरत भएका कारण यस किसिमको आयामिक अभ्यासले आकर्षण गर्नु स्वभाविकै हो।

झापा, सुनसरी र इलाममा समेत प्रस्तुत गर्ने भनिएको सो नाटकको पहिलो प्रदर्शनी अर्थात प्रिमियर शो २०७३ मंसिर २८ गते झोराहाटमा हुने कुरा थाहा भयो। नाटक हुने दिन दिउँसो दर्शकका रुपमा म पनि झोराहाटको सरस्वती उच्च मा. वि. को प्राङ्गणमा पुगेँ। नाटक आरम्भ हुनु अगाडि बिराटनगर कार्यालयका व्यवस्थापक रामु पौडेलले वित्तीय साक्षरता अभियानको आवश्यकताका सम्वन्धमा प्रष्ट पार्नुभयो। उहाँले नोटलाई जतन, संरक्षण गर्नुपर्ने विषयलाई विशेष रुपमा जोड दिँदै नाटकभित्र उक्त विषयसम्बोधन गर्न खोजिएको जानकारी दिनुभयो। नाटक कार्यक्रमका संयोजक गोकुल अधिकारीले नाटकका बारेमा संक्षिप्त रुपमा बताउनु भयो।

धान्यपूर्णिमाको पर्व समेत परेको त्यस दिन झोराहाटको बजार छेउमै रहेको सरस्वती उच्च मा. वि. मा स्थानीय वासिन्दाको ठूलो समूह विद्यालयको चउरमा गोलबद्ध भएर बसेको थियो। पुरुष भन्दा महिलाको सहभागिता धेरै देखिन्थ्यो। उनीहरु त्यहाँ बडो उत्सुकताका साथ नाटक प्रस्तुत हुने मुहूर्त पर्खिरहेका जस्ता देखिन्थे। ब्यानरमा नाटकको नाम "जब आँखा खुल्छ", प्रायोजकमा नेपाल राष्ट्र बैंक र प्रस्तुतिमा झोराहाट नाट्य समूह उल्लेख थियो।

नाटक हेर्न दर्शकको गोलाकार वृत्तभित्र एकजना वृद्ध कोदालो लिएर प्रवेश गर्छन्। बैंशालु ठिटाले गाउने पाराको गीत गुन्गुनाउँदै उनले धमाधम भुइँ खनेर सानो खाल्डो पार्छन्। कसैले आफूलाई नदेखेको यकिन गरेपछि उनले आफूसँग थैलामा रहेको नयाँ नोटको प्याकेटलाई त्यही खाल्डाभित्र सुटुक्क हालेर माटाले पुर्छन्। भर अभरमा कामलाग्छ भनेर उनी ढुक्क हुन्छन्। तर केही समयपछि उनी बिरामी भएर उपचार गर्न जान भनी सो पैसा निकाल्न खोज्दा सबै नोटहरु कुहिएर माटो जस्तै भइसकेका हुन्छन्। उनी रुन थाल्छन्। यसै समयमा घरका सदस्यहरु आएर रुपैयाँ पैसा बैंकमै राख्नुपर्ने सन्देश प्रवाह गर्छन्।

मान्छेलाई नै एटीएम मेशीन जस्तो बनाएर उसको मुखमा एटीएम कार्ड कोचिदिएपछि उसको कम्मरमुनिको भागबाट फुत्त हजार हजारका नोट झरेको दृश्यले एटीएम सम्बन्धी जानकारी रोचक रूपमा प्रस्तुत गरेको देखियो।

भारतीय रुपैयाँ हातमा बोकेकी एक वृद्धालाई पाँचसय र हजारका भा.रु. नचल्ने भनी अर्को पात्रले भनिदिएपछि अबदेखि भा. रु. छुँदैछुन्न नेपाली मुद्रा मात्र लिने दिने गर्छु भनेको दृश्यले विदेशी मुद्रा प्रयोगको जोखिम प्रष्ट्याएको छ।

देशको ठूलो धनराशी खर्च गरेर विदेशमा छपाइ गरी ल्याइएको नोटलाई साना केटाकेटीहरुले खेल्नको लागि हवाइजहाज र डुंगा बनाइदिने गरेका, तन्नेरीहरुले प्रेमपत्र लेख्ने माध्यम बनाउने गरेका, अनि गृहिणीहरुले चाहिँ हाटबजारमा खरिद गर्ने सन्दर्भमा आलु, काउली, मसला जस्ता सामानको लिस्ट लेख्ने माध्यम बनाउने गरेको विषयलाई नाटकमा समेटिएको छ। नोटको जतन गर्नुपर्ने र यसलाई मर्यादित तुल्याउनु पर्ने सन्देशलाई गहकिलो रुपमा प्रवाह गर्न यो नाटकका कलाकारहरुले देखाएको प्रस्तुति प्रशंसनीय छ।

नाटकको माध्यमबाट प्रवाहित सन्देश वित्तीय साक्षरताका लागि अत्यन्त प्रभावकारी छ। सिक्काको पनि संरक्षण गर्नुपर्ने र चढाउने नाममा जथाभावी फाल्न नहुने, वैदेशिक रोजगारबाट प्राप्त पारिश्रमिक बैंकिङ च्यानलबाट मात्र गाउँघरमा पठाउनु पर्ने जस्ता विषयलाई पनि समेट्न सके यसको प्रभावकारिता अझ बढ्ने देखिन्छ। सवारी साधनका आवाजले नाटकको सम्वाद सुन्नमा बाधा हुने हुँदा स्थान चयन गर्दा यसतर्फ कार्यक्रम संयोजकले ध्यान दिनुपर्ने देखिन्छ।

अन्तमा

राज्यले ठूलो धनराशी खर्च गरेर विदेशबाट छापेर ल्याएको नेपाली नोट केटाकेटीका लागि कागजका खेलौना नबनुन्, गृहिणीहरुले भान्साका सामग्रीहरुको सूची तयार पार्ने सूचीपत्र र तन्नेरीहरुले प्रेमपत्र लेख्ने कागज नबनुन्। वित्तीय ज्ञानमूलक सन्देशहरु प्रवाह गर्ने अभियानमा नेपाल राष्ट्र बैंकले यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइरहोस्।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
शम्भुनाथ ढुङ्गाना

*सम्पादन सहयोगी*
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३